
# लेखापरीक्षण प्रतिवेदन

## मर्स्याङ्दी गाउँपालिका, लमजुङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मर्स्याङ्दी गाउँपालिका, लमजुङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/429

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
मर्स्याङदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
लमजुङ।

## कैफियतसहितको राय

हामीले मर्स्याङदी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेस गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड ९६ लाख ४ हजार, गरिवसँग विशेश्वर कार्यक्रमको रु.४ लाख ५ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.७१ लाख ४५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२० लाख ३५ हजार, भवन पूर्वाधार विकास कार्यक्रमको रु.२० लाख र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.१२ लाख समेत रु.१४ करोड २३ लाख ८९ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब २५ करोड ५७ लाख ७७ हजारको लेखापरीक्षण गरिएकोमा रु.१ करोड २ लाख ८१ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२३ लाख ९ हजार प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु.७९ लाख ७२ हजारमध्ये असुल गर्नुपर्ने रु.७ लाख ७६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२२ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.४९ लाख ८० हजार रहेको छ । गत वर्षसम्म रु.३ करोड २० लाख ७२ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.४ करोड ४३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसै साथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बनगरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम

गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधारर प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायीपदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलतआँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ३८ | ४० | १०२८१००३ | ० | २९ | २३०९३४८ | ० | ३८ | ११ | ७९७१६५५ | ७७५९१७ | ४९७९५३९ | २२१६१९९ | ० | ० | ७१९५७३८ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लमजुङ | ३२०७२००० | ० | ० | ३२०७२००० | ० | ७९७१६५५ | ४००४३६५५ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा नं. | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५१ | सामाजिक सुरक्षा तर्फ | ४७२४९.० |
| २ | २०८०/८१ | ३२ | बढी भुक्तानी | २७०००.० |
| ३ | २०८०/८१ | ३४ | बढी भुक्तानी | १९६४४४.० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८०/८१ | २७ | प्रोभिजनल समको भुक्तानी | १२००००.० |
| ५ | २०८०/८१ | ३९.१,३९.२ | नर्म्स भन्दा बढी प्रशिक्षण भत्ता | ६३२००.० |
| ६ | २०८०/८१ | ४१.५ | उपभोक्ता समिति तर्फ | ५६१६३.० |
| ७ | २०८०/८१ | ४६ | अध्ययन विदा | १७९९२९२.० |

# (८०४३७५०४३०० - मर्स्याङ्दी गाउँपालिका, लमजुङ )

## परिचय

१ **लेखापरीक्षणबाट असुली**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्वेश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।६ देखि २०८१।६।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १२५५७७७००० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा औल्याए पश्चात रु४५३६९८।७७ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

२ **आय-व्यय बिबरण**

पालिकाले लेखापरीक्षणको लागि पेश गरेको एकिक्रित आय व्यय बिबरण निम्नानुसार रहेको छ ।

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| बिबरण | रकम | बिबरण | रकम |
| गतवर्षको जिम्मेवारी | | गाउपालिका चालु | १२२०३१६३५।४२ |
| संचित कोष | २१४६९३६९।६२ | गाउपालिका पूंजिगत | ९२८१०७२१।७४ |
| धरौटी | ४७४८२१३।३४ | जम्मा | २१४८४२३५७।१६ |
| बिबिध कोष खाता | २९१२५ | संघीय सरकारबाट प्राप्त अनुदान | |
| प्रकोप व्यवस्थापन कोष | ३१६८७८।९६ | शसर्त अनुदान चालु | २१७९९०५६४।१५ |
| आन्तरिक राजस्व खाता | ९०७१७३।६६ | शसर्त अनुदान पूंजीगत | १२७२७६०२ |
| जम्मा | २७४७०७६०।५८ | समपुरक अनुदान | १६३७५०० |
| राजस्व आन्तरिक आय | | बिशेष अनुदान | ५३१३५८०।२० |
| आन्तरिक राजस्व | ९३४१११८।८२ | फिर्ता | १६७५४४५६।६५ |
| राजस्व वाडफाड मालपोत समेत | २९७०९१२।८५ | जम्मा | २५४४२३७०३ |
| जम्मा | १२३१२०३१।६७ | प्रदेश सरकारबाट प्राप्त अनुदान | |
| ख_ बाँडफाँडबाट प्राप्त राजश्व -संघ_ | ११३६८६६१२।७० | समपुरक अनुदान | ३८६७५०० |
| राजस्व वाडफाड -प्रदेश_ | ८५५७९०६ | बिशेष अनुदान | ३९१९९९८ |
| जम्मा | 122244518।७० | फिर्ता | ४२५६०२ |
| संघीय सरकारबाट प्राप्त अनुदान | | जम्मा | ८२१३१०० |
| वित्तिय समानिकरण अनुदान | ७७७४८००० | अन्तरसरकारी अख्तियारी संघ | |
| शसर्त अनुदान चालु | २३२७००६०० | सामाजिक सुरक्षा | १२९६०४३८२।४३ |
| शसर्त अनुदान पूंजीगत | १४७७२००० | गरिवसंग बिश्वेश्वर कार्यक्रम | ४०५००० |
| समपुरक अनुदान | १६३७५०० | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २०३५००० |
| बिशेष अनुदान | ५३१३६०३ | एकिक्रित स्वास्थ्य पुर्वाधार बिकास कार्यक्रम | ७१४४९९९ |
| जम्मा | ३३२१७१७०३ | भवन पुर्वाधार बिकास कार्यक्रम | २०००००० |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | पर्यटन पर्वाधार बिकास कार्यक्रम | १२००००० |
| वित्तिय समानिकरण अनुदान | ७८५६२५० | जम्मा | १४२३८९३८१।४३ |
| सर्शत अनुदान | ० | सडक बोर्ड | १०४३२१३ |
| समपुरक अनुदान | ३८६७५०० | प्रकोप व्यबस्थापन कोष खर्च | ७१२८० |
| बिशेष अनुदान | ४३४५६०० | धरौटी | ८१४९१६।७३ |
| जम्मा | १६०६९३५० | जम्मा | १९२९४०९।७३ |
| अन्य आाय | | मौज्दात बाकी | |
| स्थानिय शासन | ३४७७०५ | संचित कोष | २७६९४९८६।४९ |
| | | | |

| | | | |
|---|---|---|---|
| सडक बोर्ड | २५०७३७६ | धरौटी | ८८९६४६७।९६ |
| अन्य | ९७२९८२ | बिबिध कोष खाता | २९१२५ |
| धरौटी | ४९६३१७१।३५ | प्रकोप व्यवस्थापन कोष | २४५५९८।९६ |
| जम्मा | ८७९१२३४।९६ | बिबिध खर्च खाता | २७८४८५०।६१ |
| अन्तर सरकारी अख्तियारी संघ | | जम्मा | ३९६५१०२९।०२ |
| सामाजिक सुरक्षा | १२९६०४३८२।४३ | | |
| गरिवसंग बिश्वेश्वर कार्यक्रम | ४०५००० | | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २०३५००० | | |
| एकिक्रित स्वास्थ्य पुर्वाधार बिकास कार्यक्रम | ७१४४९९९ | | |
| भवन पुर्वाधार बिकास कार्यक्रम | २०००००० | | |
| पर्यटन पर्वाधार बिकास कार्यक्रम | १२००००० | | |
| जम्मा | १४२३८९३८१।४३ | | |
| कुल जम्मा | ६६१४४८९८०।३४ | कुल जम्मा | ६६१४४८९८०।३४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको साविक नगरपालिका र गा बि स हरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. २७२ ले साविकको उक्त कारोवार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• कार्यालयले आ.व. २०८०/८१ को लागि समेत बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानीय संचितकोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । यस स्थानीय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ बिश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित सशर्त बजेट तथा कार्यक्रम, संघिय र प्रादेशिक स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम, धरौटी, प्रकोप व्यबस्थापन कोष, कर्मचारी कल्याण कोष, लगायतका कोष खाताहरु लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चहरुको लेखाकंन सुत्रमा राखि प्रतिवेदन समेत २०७६।

२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ ।

• एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुँजीगत शिर्षक र पुँजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वियन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

• बैंक हिसाव मिलान: कार्यालयले गतबर्षको अन्त्यमा पालिकाको संचित कोषको बांकी मौज्दात रु. २१४६९३६९।६२ रहेको उल्लेख गरी योवर्षको शुरु मौज्दात कायम गरेको छ । तर यस पालिकाको गतवर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार सन्चित कोष खातामा रु.५६२७०३१।२८, बिभाज्य कोष खातामा रु. १३९०३८०।,बांडफाडबाट प्राप्त राजस्व खातामा रु. २२६४०९।, चालु खर्च खाता जोरवर्ष रु. ८२८४८३३।८० र पुंजीगत खर्च खाता जोरवर्ष रु. ८०६८९०।६० समेत पालिकाको संचित कोषमा जाने जम्मा मौज्दात रु. १६३२५५४४।६८ रहेको देखिएको छ । यस प्रकार लेखापरीक्षण प्रतिवेदनले देखाएको बैंक मौज्दात भन्दा पालिकाले जिम्मेवारी अ. ल्या. गरेको बैंक मौज्दातमा फरक परेको रु. ५१४३८२४।९४ का सम्वन्धमा बैंक हिसाव मिलान बिबरण तयार गरी यथार्थता यकिन गर्नुपर्नेमा गरेको नदेखिएकोले यकिन गर्नु पर्दछ ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

## ४ बैंक हिसाव मिलान

कार्यालयले गतबर्षको अन्त्यमा पालिकाको संचित कोषको बांकी मौज्दात रु. २१४६९३६९।६२ रहेको उल्लेख गरी योवर्षको शुरु मौज्दात कायम गरेको छ । तर यस पालिकाको गतवर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार सन्चित कोष खातामा रु.५६२७०३१।२८, बिभाज्य कोष खातामा रु. १३९०३८०।,बांडफाडबाट प्राप्त राजस्व खातामा रु. २२६४०९।, चालु खर्च खाता जोरवर्ष रु. ८२८४८३३।८० र पुंजीगत खर्च खाता जोरवर्ष रु. ८०६८९०।६० समेत पालिकाको संचित कोषमा जाने जम्मा मौज्दात रु. १६३२५५४४।६८ रहेको देखिएको छ । यस प्रकार लेखापरीक्षण प्रतिवेदनले देखाएको बैंक मौज्दात भन्दा पालिकाले जिम्मेवारी अल्या गरेको बैंक मौज्दातमा फरक परेको रु. ५१४३८२४।९४ का सम्वन्धमा बैंक हिसाव मिलान बिबरण तयार गरी यथार्थता यकिन गर्नुपर्नेमा गरेको नदेखिएकोले यकिन गर्नु पर्दछ ।त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

## ५ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२४००००० | १७९४०६९३ | ४.०० |
| २ | पूर्वाधार विकास | ९४६१०००० | ८७७३१५७६ | १९.३५ |
| ३ | सामाजिक विकास | २७३४८७००० | २५४५६४२५५ | ५६.१५ |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | १४००९००० | ९२९२५०४ | २.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०९९३९२२८ | ८३८६४१४५ | १८.५० |
| | जम्मा | ५२४४४५२२८ | ४५३३९३१७३ | १००.०० |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ:

खर्च बिश्लेषणः यस पालिकाले अघिल्लो आ.व.२०७९/०८० बाट प्राप्त अ.ल्या मौज्दात रु. २७४७०७६०।५८ यस बर्ष कुल आन्तरिक आय रु.१२३१२०३१।६७ समेतबाट रु ३९७८२७९२।२५ र राजस्व बाँडफाँडबाट रु.१२२२४४५१८।७० तथा अनुदानबाट रु-

३४८२४१०५३। र अन्य रु ८७९१२३४।९६ समेत रु ५११९०५९५९८।९१ आम्दानी भएकोमा चालु तर्फ रु. ३४०९०८३९६।३० र पुँजीगत तर्फ रु. १२१३२०११४।९४ समेत रु. ४६२२२८५११।२४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.६६ प्रतिशत रहेको छ । पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

६ **चौमासिक खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यालयले स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको निम्न विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा अन्तिम चौमासिक एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा बढी खर्च गरी हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि नं | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | |
| १ | पूँजिगत खर्चतर्फ | ११३३७०९७४ | ६०५८२०० | २०८३८३६५ | ८६४७४४०९ | ३८०८९४७२ |
| | जम्मा | ११३३७०९७४ | ६०५८२०० | २०८३८३६५ | ८६४७४४०९ | ३८०८९४७२ |
| | प्रतिशत | १०० | ५.३४ | १८.३८ | ७६.२८ | ३३.६० |

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन,

• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• जिन्सी निरीक्षण प्रतिवेदन अनुसार विभिन्न मालसामान लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद, विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन,

• कार्यक्रमहरुको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• पालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने नगरेको,

• पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने नगरेको,

• पालिका प्रमुखले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश यथा सम्भव अग्रीम रुपमा र अग्रीम रुपमा सम्भव नभए लगतैको कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन नगराई भ्रमणको ३/४ महिना पश्चातको कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरेको,

• कतिपय भ्रमण खर्चको विल साथ भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको,

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु. २० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ,

• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ,

• गोश्वारा भौचर साथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने गरेको छैन,

• पदाधिकारीलाई मासिक सुविधा अन्तर्गत पाउने सञ्चार सुविधाको अतिरिक्त मोवाइल रिचार्ज कार्डमा थप खर्च लेख्ने गरेकोले यसमा नियन्त्रण हुनु पर्ने देखिन्छ,

• विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढिलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन । केही सामान विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाई आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन,

• सञ्चालित योजनाको सूचना पाटी,मा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,

• पलिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची-२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण

खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पतिहरुको अभिलेख राखेको छैन्,

• खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **आन्तरिक लेखापरीक्षण**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ उपदफा (२) र (३) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरीक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख रहेको छ ।आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ उपदफा (१) मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ । यस पालिकाले कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखा गरेको जनाएतापनि उक्त शाखामा दक्ष जनशक्ति नभएको कारण उल्लेख गरी यो वर्ष आन्तरिक लेखापरीक्षण गराएको छैन । गॉउपालिकाले कानुन बमोजिम आन्तरिक लेखापरीक्षण शाखामा तोकिएको योग्यता पुरा भएको दक्ष जनशक्ति आवश्यक संख्यामा पदपुर्ति गरी स्वतन्त्र र वस्तुपरक रुपमा आन्तरिक लेखापरीक्षण गराइ समयमै प्रतिवेदन लिने र उक्त प्रतिवेदनमा औल्याएका व्यहोराहरुको यथाशिघ्र सुधार गरी गराइ आर्थिक प्रशासनलाइ कानुन बमोजिम थप चुस्त दुरुस्त तुल्याउन पहल गर्नुपर्ने देखिन्छ ।

९ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

१० **सिफारिस**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छः

| सि.न. | विवरण | सेवा प्राप्ती लागी निवेदन सख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकतासिफारीस | ६६५ | ६६५ |
| २ | नाताप्रमाणीत | १०६९ | १०६९ |
| ३ | जन्मदर्ता | ४११ | ४११ |
| ४ | मृत्युदर्ता | १९६ | १९६ |
| ५ | विवाह | २०५ | २०५ |
| ६ | बसाइसराई दर्ता (जाने) | ४५ | ४५ |
| ७ | बसाइसराई दर्ता (आउने) | १० | १० |
| ८ | सम्वन्धबिच्छेद दर्ता | ५६ | ५६ |
| ९ | घर बाटो र चार किल्ला सिफारीस | ५५६ | ५५६ |
| १० | जग्गाकोन्युनतम मू.सिफारीस | २९ | २९ |
| ११ | जग्गा नामसारी सिफारीस | १०४ | १०४ |
| १२ | फर्म उद्योग दर्ता सिफारीस | ५० | ५० |
| १३ | जन्म मृत्यु बसाइसराई संशोधन | २१ | २१ |
| १४ | दलितजनजाति सिफारीस | १४२ | १४२ |
| १५ | जन्म, मूत्यु र विवाह प्रमाणित | २२७ | २२७ |
| १६ | अन्य सिफारीस | ७५२९ | ७५२९ |

## ११ कर्मचारी दरवन्दी तथा करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उपदफा ४ मा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निबृत्तिभरण, औषधीउपचार सम्वन्धित बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको बिश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरवन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकालाइ बिगत बर्षमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा १२५ जनाको दरवन्दी स्वीकृत गरेकोमा पालिकाको सभाले २२० जनाको दरवन्दी स्वीकृत गरी सो मध्ये ६७जना (कार्यालय, स्वास्थ्य संस्था र कार्यक्रम समेत कर्मचारीहरु करारमा राखी रु.२१३१३९१३। भुक्तानी दिइ खर्च लेखेको बिबरण प्राप्त भएको छ । कार्यालयले संगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरवन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक श्रोतको बिश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरवन्दी थप गर्नु र करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाइ यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन ।

१ पालिकाले योवर्ष संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने प्रयोजनका लागि रु ५ लाखको बजेट र लागत अनुमान स्वीकृत गरी सोझै ३ दरभाउपत्र माग गरेर परामर्शदाता व्रदर्श इण्भारोमेण्ट एण्ड जिओलोजिकल सर्भिसेज प्रा ली संग मिति २०८१।१।९ मा सम्झौता गरी

संगठन तथा व्यवस्थापन सर्वेक्षण गराइ सम्झौता भएको करिव १.५ महिना पश्चात मिति २०८१।२।२३ मा प्रतिवेदन प्राप्त गरी निजलाइ रु. ४८२५५०। भुक्तानी गरेको छ ।

**१२ पदाधिकारी सुविधा**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्थाहरु गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा पदाधिकारीहरुलाइ भुक्तानी गरेको सुविधा, खाना तथा खाजा र अनुगमन तथा दैनिक भ्रमण तथा भत्तामा खर्च लेखेको रकमको बिबरण पटक पटक माग गर्दा समेत प्राप्त हुन आएन । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरि मितव्ययी तवरले भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

**१३ खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फ खर्च लेखेको रकमको बिबरण पटक पटक माग गर्दा समेत प्राप्त हुन आएन । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

**१४ कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्षसम्म उक्त कानुन बमोजिम कर्मचारी कल्याण कोष खडा गरेको र रकम जम्मा गर्ने गरेको नदेखिएकोले कानुनको पालना मार्फत भविश्यमा पर्ने आर्थिक दायित्वलाइ व्यवस्थापन गर्दै जानुपर्ने देखिन्छ ।

(क) त्यसैगरी कार्यालयमा रहेका कोषहरुको अवस्था निम्नानुसार रहेको छ । यस्ता कोषहरुबाट हुने कारोवारको सम्वन्धमा पालिकाले उचित कार्यबिधिको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न ध्यान दिनु पर्दछ ।

| सि नं | कोषको नाम | गतवर्षको अ. ल्या. | यसवर्षको आम्दानी | यसवर्षको खर्च | मौज्दात बाकी |
|---|---|---|---|---|---|
| १ | प्रकोप व्यवस्थापन कोष | ३१६८७८।९६ | ० | ७१२८० | २४५५९८।९६ |
| २ | बिबिध कोष खाता | २९१२५। | ० | ० | २९१२५। |

**१५ आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न २४ जना व्यक्ति एवं संघ संस्थालाई रु. १००००। देखि रु. १३००००। सम्मका दरले पालिका अध्यक्षको तोक आदेशबाट जम्मा रु. ६५३६८९।आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

**१६ पेश्की वाँकी विवरण**

आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार निम्न व्यक्ती तथा संस्थाले देहाय बमोजिम लिएको म्याद ननाघेको रु.५२ लाख मोबिलाइजेशन पेश्की आर्थिक वर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको देखिएको हुदा नियमानुसार फछ्र्यौट हुनु पर्दछ ।

| गौ भौ नं। मिति | पेश्की लिनेको नाम | पेश्की प्रयोजन | म्याद ननाघेको पेश्की बाकी |
|---|---|---|---|
| **9/2080-07-24** | Shailendra/Jayajyoti | Administrative Building | ५२००००० |
| | जम्मा | | ५२००००० |

१७ **पेश्की जोखिममा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की रकमको बैंक जमानत सम्बन्धमा उल्लेख छ । पालिकले देहाय वमोजिम निर्माणकार्यमा निर्माण व्यावसायीलाई पेश्कीको बैक जमानत पत्रको आधारमा मोविलाइजेशन पेश्की रकम उपलव्ध उपलव्ध गराएकोमा लेखापरीक्षण अवधि २०८१/५/१५ सम्म पेश्की रकम फर्छेट नभई बाँकी रहेको अवस्थामा पेश्की बाँकी रकमको बैक जमानतको मान्य अवधि समाप्त भएको तर कार्यलयले तर कार्यलयले थप गर्न लगाएको नदेखिएको कारण पेश्को बाँकी रकम जोखिममा पर्न गएकोले नियमानुसार थप गर्नुपर्ने वा असुल फछ्यौंट गर्नुपर्दछ ।

| सि.नं. | कामको विवरण | निर्माण व्यवसायी | पेश्की रकम रु. | पेश्की मान्य अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | नाग्रिन स्वास्थ चौकी भवन निर्माण कार्य | चम्वती निर्माण सेवा | ७५०००० | २०८१/३/३१ | मान्य अवधि थप भएको प्रमाण पेश हुन नआएको |
| २ | गा.पा. प्रशासनिक भवन निर्माण | शैलेन्द्र जयाज्योती – वौद्धनाथ जे.भी | ४८००००० | २०८१/३/३१ | |
| ३ | वाहुन डाडा स्वास्थ चौकी भवन निर्माण | चम्वती निर्माण सेवा | ७५०००० | २०८१/३/३१ | |

१८ **राजश्वको सफ्टवेयर सम्बन्धमा**

१८.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ ।यस पालिका मतहतका ९ वटा वडा कार्यालयहरु र पालिकाको राजश्व शाखा समेत १० वटा राजश्व संकलन केन्द्रबाट प्राप्त हुने पालिकाको आम्दानी रु ९३४१११८/८२ मध्ये सफ्टवेयर मार्फत यो वर्ष रु ६२२५४०७/- आम्दानी गरेको देखाइएको छ । पालिकाको जिन्सी खाता अनुसार २०७९/०७/२९ मा फोर जी नामक कम्पनीवाट रु ४९४९४०/- मा खरिद गरी प्रयोगमा ल्याइएको उक्त सफ्टवेयरको सबै प्रकारको अधिकार स्वयं विक्रेता कम्पनीसंग नै रहेको पाइयो । २०८१/४/१ वाट राजश्व संकलनमा समेत महालेखा नियन्त्रक कार्यालयको सुत्र नै प्रयोगमा ल्याइएको हुँदा लेखापरीक्षण अवधिमा उक्त सफ्टवेयर निस्कृय रहेको जनाइएकोमा उक्त अवधिमा संकलित राजश्वका सबै प्रकारका डाटाहरु लिन प्रशोधन गर्न र विश्लेषण गर्न लगायतका कार्यका लागि हाल पनि उक्त विक्रेता कम्पनीकै भर पर्नु पर्ने अवस्था विद्यमान रहेको देखियो ।उक्त सफ्टवेयरले राजश्व संकलनको क्षेत्रलाई मात्र समेट्न खोजेतापनि दाखिलाको क्षेत्रलाई समेटेको देखिएन ।राजश्व संकलनको क्षेत्रमा समेत सफ्टवेयरले सृजना गर्ने नगदी रसिदहरु कुनै केन्द्रको कुनै मितिमा रसिद नम्वरहरु दोहोरिने गरेको, रसिद नम्वर वाइज प्रत्येक दिन असुल भएको राजश्व रकमको जोड जम्मा नदेखाउने हुँदा दैनिक, मासिक र वार्षिक प्रतिवेदनसंग रसिद नम्वरवाइज असुल भएको रकम भिडान गर्न सकिएन । त्यसैगरी उक्त सफ्टवेयर मार्फत भएको नगद आम्दानी कुन कुन मितिमा दाखिला गरी उक्त मितिमा दाखिला गर्न बाँकी राजश्व के कति रहेको छ सो सम्वन्धमा समेत सफ्टवेयरले कुनै जानकारी र विवरण उपलव्ध नगराउने हुँदा सो सम्वन्धमा समेत यकिन हुन सकेन ।तसर्थ राजश्व संकलन प्रप्ति र दाखिला सम्बन्धमा कानुन वमोजिम भएको र हिनामिना हानिनोक्सानी भएनभएको सम्वन्धमा यकिन हुन नसकेको हुँदा सम्वन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ । त्यसैगरी यस प्रकार अपरिपक्व र अपुर्ण सफ्टवेयर खरिद गरी लागु गरेको सम्वन्धमा समेत सम्वन्धित पक्षको ध्यान गई यथार्थता यकिन गरिनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९४,९४० |

१८.२ त्यसैगरी पालिका स्थित उक्त १० राजश्व संकलन केन्द्रहरुले सफ्टवेयर नचलेको अवधिमा सेवाग्राहीलाई छिटो छरितो सेवा प्रवाहको लागि भनी हार्डकपी नगदी रसिद समेत प्रयोगमा ल्याइएको पाइयो ।यसप्रकार प्रयोग गरिएका हार्डकपी नगदी रसिदको आम्दानी कतिपय

केन्द्रले सफ्टवेयर मार्फत आम्दानी नजनाएको वयहोरा देखिन आयो ।सफ्टवेयरमा आम्दानी बधियो सो समेत यकिन गर्न सकिएन । यसप्रकार हार्डकपी नगदी रसिद मार्फत गरेको आम्दानी र दाखिला सम्बन्धमा समेत यर्थाथता यकिन गरिनु पर्दछ ।

१९ **आन्तरिक आय**

पालिकाले पेश गरेको विवरण अनुसार यो बर्ष आन्तरिक आय रु. १२३१२०३१।६७। आम्दानी देखाएको छ । अनुमानित राजश्वको दायरा बढाई थप राजश्व संकलन गर्ने र आत्मनिर्भर हुने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

२० **ढुंगा, गिटी, बालुवाको राजश्व**

कार्यालयले पेश गरेको विवरण अनुसार देहाय वमोजिमका संकलन केन्द्रहरुले प्रति ट्याक्टर अर्थात २.५ घनमिटर गिटि, ढुंगा, बालुवा उत्खनन् , संकलन र बिक्रीवितरण रु ५००/- का दरले नगदी रसिद मार्फत निम्नानुसार रु ५२०६५०/- शुल्क असुल गरेको देखियो । गण्डकी प्रदेशको आर्थिक ऐन, २०८० संघीय आयकर ऐन, २०५८ र मुल्य अभिवृदि ऐन, २०५२ अनुसार प्रतिघन फिट रु ९/- र १३ प्रतिशत मुल्य अभिवृद्धि कर तथा १.५ प्रतिशत अग्रिम कर समेत प्रतिघन मिटरको हुने रु ९०८/९०१ का दरले असुल गरी सम्बन्धित राजश्व खाताहरुमा दाखिला गर्नु गराउनु पर्ने प्रावधान विपरित कार्यालयको निर्णयानुसार रु ५००/- का दरले मात्र असुल गरेको देखिएकोले नपुग रकम प्रतिघन मिटरको हुने रु ९०८/९०१ का दरले हुने रु ४,२५,७८९/- असुल गरी सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने रु

| संकलन केन्द्र | संकलित रकम | नपुग रकम |
|---|---|---|
| गाउँपालिका केन्द्र | रु १,००० | रु ८१७/८० |
| वडा नं. ९ | रु ३,५०० | रु २,८६२/३० |
| वडा नं. ८ | रु ७०,००० | रु ५७,२४६/१० |
| वडा नं. ७ | रु ३,०१,४५० | रु २,४६,५२६/४० |
| वडा नं. ५ | रु ३७,५०० | रु ३०,६६७/६० |
| वडा नं.४ | रु ११,००० | रु ८,९९५/८२ |
| वडा नं. ३ | रु ६७,४५० | रु ५५,१६०/७५ |
| वडा नं. २ | रु १०,००० | रु ८,१७८ |
| वडा नं. १ | रु १८,७५० | रु १५,३३३/८० |
| जम्मा | रु ५,२०,६५०/- | रु ४,२५,७८९/- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५,७८९ |

२१ **. राजश्व ढिला तथा फरक रकम दाखिला**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तदायित्व ऐन २०७६ को दफा २८मा आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा सोको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र मनासिव माफिकको कारणले दाखिला गर्न नसकिने भए कारण खुलाई एक तह माथीको अधिकारी समक्ष म्यादथप माग गर्न सक्ने र तोकिएको समयमा दाखिला नगरेमा दाखिला गर्न बाँकी रकमको १० प्रतिशत जरीवाना गरी कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिमको कारवाही गर्नुपर्ने उल्लेख रहेको छ। पालिका मातहतका १० राजश्व संकलन केन्द्रले देहाय वमोजिम आम्दानी गरेको राजश्व रकम वैंक दाखिला गरेको देखियो । यसरी आम्दानी रकम वैंक दाखिला गर्दा कानुनले तोकेको भन्दा ढिला गरी दाखिला गर्ने गरेको छ ।साथै संकलन केन्द्रहरुबाट वर्षभरीमा गरेको आम्दानी रकम भन्दा फरक रकम बैंक दाखिला भएको पाइयो । जसले गर्दा पालिका मातहतका संकलन केन्द्रबाट भएको राजश्व आम्दानी र दाखिला रकम यर्थाथमा आधारित भएर गरिएको छ भन्ने अवस्था कमजोर देखिएकोले सम्बन्धितको ध्यान गई यथार्थता यकिन गरिनुपर्दछ ।

| संकलन केन्द्र | जम्मा आम्दानी | बैंक भौचर संख्या | जम्मा दाखिला | फरक रकम |
|---|---|---|---|---|
| गाउँपालिका केन्द्र | ८,६४,६४०/३८ | ६७ | ८,६८,२०९ | ३,५६८/६२ |
| वडा नं. १ | २,४३,६८०/१४ | १५ | २,६९,६५९/७० | २५,९७९/५६ |
| वडा नं २ | ३,३४,०५२/०५ | १४ | ४,७६,७५५ | १,४२,७०२/९५ |
| वडा नं ३ | १०,०५,१३० | २६ | ११,९४,०३४ | १,८८,९०४ |
| वडा नं ४ | १,०७,६१६/१३ | ११ | ३,५९,७६४/०६ | २,५२,१४७/९३ |
| वडा नं ५ | ८०,३३०/३९ | १२ | ३,६३,६९० | २,८३,३५९/६१ |
| वडा नं ६ | ३,१४,७११/२७ | १३ | ३,३५,७०५/२७ | २०,९९४ |
| वडा नं ७ | ७,९६,५०७/०९ | १८ | ७,९६,६५२/७३ | १४५/६४ |
| वडा नं ८ | ४,७९,४१९/७१ | १४ | ४,७९,३७२/११ | ४७/६० |
| वडा नं ९ | ८,९८,३९८/२१ | २२ | ८,९८,४०० | १/७९ |
| कृषि शाखा | ८३,२०० | ४ | ८३,२०० | - |
| पशु शाखा | ९९,९६५ | ५ | ९९,९६५ | - |
| जम्मा | ५३,०७,६५०/३७ | २२१ | ६२,२५,४०६/८७ | ९,१७,८५१/७० |

२२ **अभिलेख**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

२३ **बढी भुक्तानी**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व, नियमावलीको नियम ३९ उपनियम (३) मा सरकारी रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराई खर्च गर्नुपर्ने, उपनियम (५) मा खर्च पुष्टि गर्ने विलभरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (१०) मा जिम्मेवार व्यक्तिले आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको र रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।खुदी खोलाको क्याम झोलुङ्गे पुल निर्माण कार्यको लागि रु ५२,४१,१५६/६९ मध्ये उपभोक्ता समितिबाट रु १०४८२३/- (२ प्रतिशत) जनश्रमदान समेत हुने गरी रु ३१,०३,३३८/- को कार्य गराउने गरी लागत अनुमान स्वीकृत भएको छ । उक्त स्वीकृत लागत अनुमान अनुसार मिति २०७९/११/०३ मा उपभोक्ता समिति संग रु ३१,०३,३३८/- को सम्झौता गरी सो मध्ये रु ३२,४३,८९८/- को सम्झौता गरेको देखियो ।तर बढी रकमको सम्झौता गर्नुपर्ने प्राविधिक कारण र पुष्टयाई खुल्न आएन। यसप्रकार गरेको सम्झौता अनुसारको कार्य भएको जनाई गत वर्ष प्रथम र दोस्रो रनिङ बिलबाट क्रमश: रु ११,१९,७८२/- र रु ११५२०१९/- भुक्तानी भएको भएको व्यहोरा संलग्न कार्य सम्पन्न प्रतिवेदनबाट देखियो भने यो वर्ष गोश्वारा भौचर नं १८ मिति २०८१/२/२५ बाट रु १०, ७६,८४२/- समेत निज उपभोक्तालाई जम्मा रु ३३,४८,६४३/- भुक्तानी गरेको छ । यस प्रकार उपभोक्ता समितिलाई बढी भक्तानी हुन गएको रु ३,५०,१२८/- रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५०,१२८ |

२४ **ढिला काम सम्पन्न**

उपभोक्ता समितिले सम्झौतामा तोकिएको अवधि भित्र तोकिएको कार्य सम्पन्न गर्नुपर्दछ । सम्झौतामा तोकिएको बमोजिम कार्य सम्पन्न हुन नसकेमा मनासिव माफिकको कारण सहित सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम म्याद थप गर्नुपर्ने

प्रावधान छ । खुदी खोला के- क्याम झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिसंग उक्त झोलुङ्गे पुल निर्माण गर्न रु ३२,४३,८९८/- सम्झौता मिति २०७९/११/०३ गरी सम्झौता अवधि ८ महिना तोकिएको छ । उपभोक्ता समितिले उक्त निर्माण कार्य सम्झौताको करिव १४ महिना पश्चात अर्थात २०८०/१२/३० मा सम्पन्न गरेको देखियो ।तर निज उपभोक्ता समितिले कानुन बमोजिम मनासिव माफिकको कारण सहित म्याद थपको लागि निवेदन दिएको देखिएन र कार्यालयले म्याद थप गरेको पाइएन। यसप्रकार ढिला गरी सम्पन्न गरेको कार्यलाई कानुन सम्मत भएको भन्ने मिल्ने देखिदैन ।

## २५ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिक्तामा राखिनु पर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन् ।

| क्र.सं. | विवरण | योजना संख्या | खर्च रकम रु. |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ३३ | २५३०५०० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १५१ | ४०३६०००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | १५ | ९९५३७०० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | २ | ५६८५८०० |
| ५ | ५० लाख भन्दा माथिका योजना | ० | ० |
| | जम्मा | २०१ | ५८५२९९ |

## २६ घटि काम गरी सम्पन्न गरेको

सार्वजनिक खरिद ऐन, २०६३ को दफ ५४ र नियमावलीको नियम ११८ मा भेरिएसन आदेश जारी गर्ने सम्वन्धमा र नियमावलीको नियम ११८ मा कार्यस्वीकार प्रतिवेदन र अन्तिम विलको सम्वन्धमा उल्लेख छ ।खुदी – सिरुङ – स्याङ्दे सडक स्तरोन्नती गर्न पालिका र निर्माण व्यवसायी शंखरापुर इन्द्रायनी कन्सट्रक्सन प्रा.लि. वीच ठेक्का नं ४- ०८०/०८१ बाट रु ४८,९८,९४८/- को ठेक्का सम्झौता मिति २०८०/९/१ मा भइ कार्यसम्पन्न गर्ने अवधि मिति २०८१/२/१५ सम्म तोकिएकोमा निर्माण व्यवसायीले मिति २०८१/२/१४ मा रु ३१,९१,६७३/-(मु. अ. कर र प्रोभिजनल सम समेत ) को मात्र कार्य अर्थात ६५ प्रतिशत मात्र कार्य गरेको मा पालिका र निर्माण व्यवसायीले अन्तिम विल तयार गरी निजलाई भुक्तानी गरेको देखियो । उक्त कामको कार्यस्वीकार प्रतिवेदन तयार गरिएको छैन ।

## २७ प्रोभिजनल समको भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## २८ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन।तसर्थ स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## २९ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष रु. १८७७९७८। को औषधी दुइ इबोलपत्रको माध्यमबाट क्रमश ६९.०५% र ६८.९५% घटी दरमा चुनचुन फार्मेसीबाट र पशु शाखाको लागि आवश्यक पर्ने रु. ८६६४१७।९० को भेटेनरी औषधी एक इबोलपत्रको माध्यमबाट ३२.०५% घटी दरमा शिवसारथी भेट फर्माबाट खरिद गरी भुक्तानी गरेको बिबरण प्राप्त भएको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

• आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने र आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

(क) औषधीको सदुपयोगः आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन। कार्यालयबाट प्राप्त बिबरण अनुसार निम्नानुसार बिभिन्न ठुलो परिमाणका औषधीहरु यो आ व २०८०।८१ को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो।जसमध्ये धेरैको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो । यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरी निजहरुबाट असुल हुनु पर्दछ ।

| सि नं | औषधीको नाम | प्राप्ति (खरिद/प्रदेशसरकार/संघिय सरका) | ईकाइ | परिमाण | मुल्य रु |
|---|---|---|---|---|---|
| १ | Iron | प्रदेश सरकार | Tab | ६५६५ | नखुल्ने |
| २ | Amoxicillin 500mg | प्रदेश सरकार | Tab | २४०० | नखुल्ने |
| ३ | Metformin 500mg | प्रदेश सरकार | Tab | ८२०० | नखुल्ने |
| ४ | Benxoic Acid ointment | खरिद | tube | ११० | २२०० |
| ५ | Chlorohexidine 4% | प्रदेश सरकार | tube | १५० | नखुल्ने |
| ६ | Vitamin K1 | प्रदेश सरकार | vial | ७५ | नखुल्ने |
| ७ | Inj Diclofenac | प्रदेश सरकार | Ampoule | ५० | नखुल्ने |
| ८ | Albendazole syrup | खरिद | bottle | ८७ | नखुल्ने |
| ९ | Inj Ampiciillin | प्रदेश सरकार | vial | ३५ | नखुल्ने |
| १० | Metronidazole syrup | प्रदेश सरकार | bottle | १५५ | नखुल्ने |
| ११ | Oxymetazoline 0.05% Nasal drop | खरिद | vial | १० | नखुल्ने |
| १२ | Inj cipro | प्रदेश सरकार | bottle | ४ | नखुल्ने |
| १३ | Inj metro | प्रदेश सरकार | bottle | ३ | नखुल्ने |
| १४ | Inj pheniramine | प्रदेश सरकार | Ampoule | ३० | नखुल्ने |
| १५ | Inj N/S | खरिद | bottle | ६९ | नखुल्ने |
| १६ | inj oxytocin | प्रदेश सरकार | Ampoule | ३० | नखुल्ने |
| १७ | inj Ranitidine | प्रदेश सरकार | Tab | ४० | नखुल्ने |
| १८ | Inj Vitamin K1 | प्रदेश सरकार | Ampoule | २४ | नखुल्ने |
| १९ | Inj deepo | प्रदेश सरकार | vial | ५५७ | नखुल्ने |
| २० | Tab Frusemide 40mg | प्रदेश सरकार | Tab | ३४० | नखुल्ने |
| २१ | Ijn Diazepam | प्रदेश सरकार | Ampoule | १० | नखुल्ने |
| २२ | Syrup Amoxicillin | खरिद | bottle | १२ | नखुल्ने |
| २३ | calamine lotion | खरिद | bottle | ७ | नखुल्ने |
| २४ | Permithrin5% | खरिद | tube | १६ | नखुल्ने |
| २५ | Vitamin A | प्रदेश सरकार | capsule | २७० | नखुल्ने |
| २६ | Oral contraceptive pills | प्रदेश सरकार | cycle | ७ | नखुल्ने |
| २७ | Determine kit | प्रदेश सरकार | pc | ७ | नखुल्ने |
| २८ | Fluconazole | खरिद | capsule | २१५ | नखुल्ने |
| २९ | zinc 20mg | प्रदेशसरकार | Tab | १००० | नखुल्ने |
| ३० | charcol powder | खरिद | pkt | ५० | नखुल्ने |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | Gention Voilet | खरिद | vial | ५० | नखुल्ने |
| ३२ | Albendazole | प्रदेशसरकार | Tab | ३००० | नखुल्ने |
| ३३ | inj mgso4 | प्रदेशसरकार | ampoule | ५५ | नखुल्ने |
| ३४ | Misoprostol | प्रदेशसरकार | Tab | १०० | नखुल्ने |

(ख) स्यानिटरी प्याडः स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक वा चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुलाइ प्रति प्याकेट ८ पिस रहेको स्यानिटरी प्याड ७३५४ प्याकेट खुला दरभाउपत्रको बिधिबाट जि. के. मिलिजुली सप्लायर्स प्रा ली मार्फत रु. ७५९१२०।(मु अ कर समेत) मा खरिद गरी गौ भौ नं १९७ मिति २०८१।२।१८ बाट भुक्तानी गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाईएन साथै पालिकाद्धारा विद्यालयमा उक्त प्याडको प्रयोग र व्यवस्थापन सम्वन्धमा अनुगमन गर्नुपर्दछ।

## ३० जिन्सी दाखिला

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को परिच्छेद १० मा सरकारी सम्पत्तीको जिम्मा, लगत र संरक्षण सम्वन्धी व्यवस्थाहरु रहेका छन् । पालिकाले योवर्ष जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित निम्नानुसारका सुधार तथा सुझावहरु लेखापरीक्षण अवधिसम्म कार्यान्वयन गरेको नदेखिएकोले कार्यान्वयन गरिनु पर्दछ ।

• प्रत्येक शाखा, वडा कार्यालयहरू, सम्पर्क कार्यालयहरू, स्वास्थ्य चौकी, स्वास्थ्य इकाई तथा सेवा केन्द्रहरूले आफू वा आफु मातहत रहेका सामानहरु थपघट हुँदा वा यताउता हेरफेर गर्दा जिन्सी शाखाबाट अनुमति लिएर मात्र गर्नुपर्ने ।

• विगतदेखि कार्यालयका सामानहरु प्रयोग गरी सोको स्पष्ट जानकारी तथा बरबुझारथ नगराई कार्यालय छोड्ने कर्मचारीलाई समय दिई बरबुझारथ गराउने । नभएमा छानविन गरी सम्बन्धित कर्मचारीलाइ नियमानुसार कारबाही गर्नुपर्ने ।

• कार्यालयमा थन्किएर रहेका पुरानो मोटरसाइकल, प्रिन्टर, कम्प्युटर लगायतका सामानहरुको समयमै मर्मत गरी उपयोगमा ल्याउनुपर्ने मर्मत नहुने भएमा विवरण खुलाई लिलाम बिक्री गर्नुपर्ने।

• वडा कार्यालयहरू, सम्पर्क कार्यालयहरू, स्वास्थ्य चौकी, स्वास्थ्य इकाई तथा सेवा केन्द्रहरूले कुनै पनि स्रोतबाट सामाग्री प्राप्त गर्दा सोको अभिलेख राखी गाउँपालिकाको जिन्सी शाखामा जानकारी गराउनुपर्ने ।

• सम्भव भएसम्म प्रयोग विहीन अवस्थामा रहेका सामानहरूको आवश्यक मर्मत तथा संभार गरी प्रयोगमा ल्याउनुपर्ने । भएका सामानहरू प्रयोग नगरी नयाँ सामान खरिद नगर्ने ।

• सवारी साधन मर्मत गर्दा सम्बन्धित प्राविधिकको उपलब्धताका कारण समस्या सिर्जना भएकाका कारण सोको उचित सामाधान निकाल्नुपर्ने ।

• जिन्सी व्यवस्थापन र अभिलेख व्यवस्थापनका लागि सामाग्री प्रयोग गर्ने कर्मचारीहरू समेत जिम्मेवार हुने, सरुवा भई जाँदा आउँदा बरबुझारथ हुनुपर्ने ।

• जिन्सी मालसामानहरुको चोरी वा हानी नोक्सानी हुनबाट रोक्न सुरक्षाको पर्याप्त व्यवस्था हुनुपर्ने।

• जिम्मेवारी परिवर्तन भई एक शाखाबाट अर्को शाखामा जाँदासमेत कम्प्युटर ल्यापटपलगायत सम्पुर्ण जिन्सी सामान जिन्सी शाखामा बरबुझारथ गरेर जाने व्यवस्था लागु गर्ने ।

• सरुवा भएर जिन्सी सामान फरक कर्मचारीले प्रयोग गर्नुअघि अभिलेखमा प्रयोगकर्ता पनि फेरिने व्यवस्था गर्ने ।

• सबै कोठा र कुनामा रहेका सामानहरुको विवरण जिम्मेवार शाखा विभाग प्रमुखले प्रमाणित गरी भित्तामा टाँस गर्ने।

• अन्य निकायबाट सामान हस्तान्तरण भई आउँदा वा हस्तान्तरण गरी दिँदा सोको मुल्य समेत खुलाई लिने दिने व्यवस्था मिलाउनपर्ने ।

• सरुवाको बोधार्थ प्राप्त हुनासाथ जिन्सी शाखाले जिन्सी सामानको अवस्थाबारे स्थलगत अवलोकन गरी प्रयोग भएका सामान अभिलेखसँग रुजु गर्ने व्यवस्था गर्ने ।

• जिन्सी सामाग्री के कसो छ सो को जिन्सी शाखाले नियमित रुपमा अनुगमन गर्ने । सम्बन्धित कार्य स्थलमा उक्त मालसामानहरु प्रयोगमा आए नआएको वा मालसामान पुगे नपुगेको अवस्था हेरी आवश्यक कार्य अगाडि बढाउने ।

३१ **खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु ५ लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने, रु ५ लाखभन्दा माथि रु २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष करिव ५३ बिक्रेताबाट रु.१२४०५९६८। रकम बराबरको बिभिन्न बस्तु, सामाग्री तथा निर्माण सामाग्री खरिद गरी बिक्रेतालाइ भुक्तानी गरेको बिबरण जिन्सी शाखाको PAMS बाट प्राप्त भएको छ । यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा एक सप्लायर्सबाट रु.११५३९४५। मुल्य बराबरको कार्यालय सामान बोलपत्रबाट खरिद गरिएको र बाकी सोझै तथा ३ वटासंग दर माग गरी पटक पटक खरिद गरिएको पाइयो । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । उदाहरणको लागी निम्न खरिदलाइ लिन सकिन्छ।

३२ **बढी भुक्तानी:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३३ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र नियमावली २०६४ को नियम ७२ मा सार्वजनिक निकायले २० लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा लिँदा मौजुदा रहेका परामर्श दाताबाट लिखित रुपमा प्रविधिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले खुदीखोला के –क्याम झोलुङ्गे पुल र डडेरा खोला झोलुङ्गे पुल र साप्ले खोला स्टिल ट्रस निर्माण कार्यको रेखदेख र सुपरीभिजन कार्यका परामर्शदाता सामुहिक बिकास केन्द्र लमजुङलाई यो बर्ष गोश्वारा भौचर नं २१ मिति २०७९/१२/२३ बाट रु २,१७,५३६/- र गोश्वारा भौचर नं २५ मिति २०८१/३/१८ बाट रु ५,०७,५८५/- समेत रु ७, २५,१२१/- भुक्तानी गरेको छ । उक्त संस्थालाई छनौट गर्दा उपरोक्त कानुन बमोजिम कम्तिमा ६ वटा संस्था संग शिलबन्दी रुपमा आर्थिक र प्रविधिक प्रस्ताव लिई प्रथम घटी योग्यतम संस्था संग सम्झौता गरी परामर्श सेवा लिनु पर्नेमा उक्त ३ वटा पुलहरुको लागत अनुमान अंकको ६ प्रतिशतले हने रकम रु ७,२५,१२१/- अंक मै सोझै सम्झौता गरी कार्य गराएको कार्य नियमसम्मत भएको भन्न मिल्ने नदेखिएको रु

| क्र.स. | पुलको नाम | पुलको लागत अनुमान |
|---|---|---|
| १ | खुदी खोला के –क्याम झो.पु | ४७,०१,१७१ |
| २ | डडरे खोला झो.पु | ३२,४०,७६२ |
| ३ | स्याप्ले खोला स्टिल ट्रस | २७,०१,१७१ |
| | जम्मा | १,०६,९५,०१४ |
| | मु.अ.कर समेत जम्मा | १,२०,८५,३६६ |
| | ६ प्रतिशतले हुने परामर्श सेवा लागत | ७,२५,१२१/९८ |

| | |
|---|---|
| अनियमित भएको | ७,२५,१२१ |

३४ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१९६,४४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५ **मुल्यवृद्धि रकम भक्तानी**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ र नियमावलीको नियम ११९ को साथै ठेक्का सम्झौतको दफा ५३ मा मुल्य समायोजन र मूल्य वृद्धिको रकम भुक्तानी दिने सम्बन्धि प्रावधानहरु रहेका छन्।पालिकाको निर्माणाधीन १० शैयाको अस्पताल ठे. नं. ७ -०७७/०७८ का निर्माण व्यवसायी श्रृखला निर्माण सेवा संग २ बर्षको सम्झौता अवधि सहित ठेक्का सम्झौता मिति २०७९/०१/१४ मा गरेको मा तेस्रो पटक सम्म कार्यालयको म्याद थप गरी कार्यसम्पन्न गर्ने अवधि २०८१/६/१६ सम्म पुर्याइएको छ ।निजले हाल सम्म रु ६,१५,१३,४६३/७५ ( प्रभिजनल र मुल्यवृद्धि रकम वाहेक ) को कार्य गरी भुक्तानी लगेको मध्ये यो आ.व. मा छैठो र सातौ रनिङ बिलको रु७६,४४,९९९/- भुक्तानी भएको छ ।निजलाई विगत बर्ष प्रथम देखि चौथो रनिङ बिलको भुक्तानीमा मुल्यवृद्धि वापत रु ४७,४३,०८२/०८ ( मु.अ.कर वाहेक ) भुक्तानी गरेको मा तत्पश्चात मुल्यवृद्धिको रकम दिन नमिल्ने भनि निजलाई भुक्तानी दिइएको छैन । निज संग भएको सम्झौताको दफा नं GCC २१२२३५३७ र ५३.८ बमोजिम निजलाई मुल्यवृद्धिको रकम भुक्तानी दिन नमिल्ने नदेखिएकोमा समेत गत विगत बर्ष भुक्तानी भएको मुल्यवृद्धिको रकमबाट कार्यालयलाई रु ५३,५९,६८३/- ( मु.अ. कर समेत ) थप आर्थिक दायित्व परेको छ ।

३६ **पुष्टयाई र प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ३९ उपनियम (५) मा खर्च पुष्टि गर्ने विलभरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (१०) मा जिम्मेवार व्यक्तिले आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको र रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले procurement of supply and installations of solar Back up system वापत Everest solar energy pvt ltd लाई गो.भौ.नं ३७ मिति २०८१/३/२० बाट रु ७,९०,३१४/- र गो.भौ.नं ४६ मिति २०८१/३/२४ बाट रु ७,६७,४२८/- भुक्तानी गरेको छ ।उक्त भुक्तानी मध्ये रु ७,६७,४२८/- रकमको काम भएको पुष्टयाई सहित खर्चको आधार प्रमाण पेश हुन नआएकोले पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६७,४२८ |

३७ **ननफाइलर**

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मुल्य अभिवृद्धि करको विवरण अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहाय बमोजिम भुक्तानी गरेको मु.अ. कर रकम निजले

नियमानुसार मु.अ. कर विवरण पेश नगरेको सम्बन्धमा निजको मु.अ. कर नम्वर ननफाइलर रहेको देखिएको हुँदा नियमानुसार कर समायोजन गरेको प्रमाण पेश हुन पर्ने रु.

| गो.भौ.नं. /मिति | भुक्तानी पाउनेको नाम | स्थायी लेखा नं | भुक्तानी रकम | मु.अ. कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| २/०८०/११/२४ | वि एण्ड वी विल्डर्स | ३०३४६६१४१ | १६५५८७९ | १९०५०० | |
| ४/०८१/०१/२५ | वि एण्ड वी विल्डर्स | ३०३४६६१४१ | ८४४१२१ | ९७१११ | फोटोकपी विजक रहको |
| ६/०८१/०३/२३ | वि एण्ड वी विल्डर्स | ३०३४६६१४१ | १३६७५०० | १५७३२३ | |
| ४४/०८१/३/२४ | वि एण्ड वी विल्डर्स | ३०३४६६१४१ | ७०६२४६ | ८१२५० | |
| ३१६/०८१/३/२३ | वि एण्ड वी विल्डर्स | ३०३४६६१४१ | ९१५३०४ | १०५३०० | |
| २४३/०८१/२/३० | शैलेन्द्र जयाज्योती – वौद्धनाथ जे.भी | ६२००१२५११ | ८०१९४० | ३२२३४७ | |
| ४/०८१/३/११ | | | २०००००० | | |
| | जम्मा | | ८२९०९९० | ९५३८३१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५३,८३१ |

३८ **सामग्री हस्तान्तरण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, नियमावलीको नियम ३९ उपनियम (५) मा खर्च पुष्टि गर्ने विलभरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (१०) मा जिम्मेवार व्यक्तिले आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको र रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। लुदी खानेपानी योजना ठेक्का नं ३-०८०/०८१ का निर्माण व्यवसायी बर्षा निर्माण सेवा संग रु४२,३५,६९६/- को ठेक्का सम्झौता २०८०/०७/२४ मा भएको मा निर्माण व्यावसायीले मिति २०८१/२/१३ मा तोकिएको कार्यसम्पन्न गरेको जनाई प्रथम तथा अन्तिम बिलको भुक्तानी ७/२०८१/३/२४ बाट रु३८,०५,८२४/- लिएको छ ।यसरी कार्यसम्पन्न हुँदा बचत रहन गएका पाइप तथा फिटिङ्सका निर्माण सामग्रीहरु निजको ठेक्का बिलको BOQ items बाट घटाएर अन्तिम ठ्क्का बिल तयार गर्नु पर्नेमा २९ किसिमका item का रु२,६२,५५६/- (मु.अ.कर समेत ) मुल्यका निर्माण सामग्रीहरु सम्झौता विपरीत उपभोक्ता समितिलाई हस्तान्तरण गरेको जनाई अन्तिम ठ्क्का बिलमा समावेश गरी निर्माण व्यावसायीलाई भुक्तानी गरेको देखियो । यसरी बढि खरिद गरेका निर्माण सामग्रीहरु उपभोक्ता समितिलाइ भर्पाइ मार्फत हस्तान्तरण गरेबाट आयोजनाको लागत बढ्न गएको छ ।

३९ **नर्म्स भन्दा बढी प्रशिक्षण भत्ता**

३९.१ (३४९-२०८१-२-१):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **२५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **२५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९.२ (२९६-२०८१-१-१४):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४० **इन्धन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम सरकारी रकम खर्च गर्दा मितव्ययि तवरले खर्च गर्नुपर्दछ । यस पालिकाले यस आ व मा इन्धन तर्फ गाउँपालिका चालु शिर्षकबाट रु १५ लाख ५७ हजार २०० खर्च गरेको छ । सो खर्च गर्दा पदाधिकारी ले कति कर्मचारीले कति र कार्यालय प्रयोजनकालागि के कति खर्च भएको हो प्रमाण खुल्ने कागजात देखिदैन ।सवारी साधनको लग बुक समेत भरेको देखिदैन ।यसरी पालिकाले रकम खर्च गर्दा आन्तरिक आएको विश्लेषण गरि खर्च गर्नुपर्दछ साथै कुन प्रयोजनकालागि के कति खर्च गर्न आवश्यक हो सोको अनुमान सहितको बजेट निर्धारण गर्नुपर्दछ । सवारी साधनको लग बुक भरि यस्तो खर्चमा मितव्यिता कायम हुनुपर्दछ साथै खर्च गर्नुको औचित्य पुष्टि हुने गरि खर्च गरिनुपर्दछ ।

४१ **उपभोक्ता समिति तर्फः**

४१.१ उपभोक्ता समितिबाट गराएको कामः कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम २०१ वटा योजनामा उपभोक्ता समितिहरुबाट रु.६६८०१९००। को कार्य गराएकोमा रु८२७२००० को कार्य जनसहभागिताबाट गराइ बाकी रु ५८५२९९०० को कार्य पालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| योजना संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | जनसहभागिताबाट भएको काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २०१ | ६८४८४३३० | ६०८७५००० | ६६८०१९३० | ८२७२००० | ५८५२९९४० |

उक्त कारोवारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

**(क) बजेट तथा कार्यक्रमको संशोधन**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ उपदफा ३ मा स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्ने सम्वन्धि सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने र उपदफा ७ मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गइ बजेट खर्च गर्न नपाउने उल्लेख रहेको छ । पालिकाले यो वर्ष सभाबाट शुरुमा स्वीकृत पालिका र वडास्तरिय योजनाहरु मध्ये केही योजनाहरु कार्यपालिकाको निर्णयबाट र पालिका प्रमुखबाट तोकादेश मार्फत संशोधन तथा थपघट गरी संशोधन गरेर कार्यान्वन गरेकोमा पछि सभाबाट अनुमोदन गरेको जनाएको छ । यस प्रकार गरेको बजेट तथा कार्यक्रमको संशोधन र कार्यान्वियनबाट बजेट तथा कार्यक्रमको उद्वेश्य अनुरुप भएको भन्न मिल्ने देखिदैन ।

**(ख) हस्तान्तरण र लगत अद्यावधिकः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र यस पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको

सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशिनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन् । स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्यसम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनुपर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उक्त कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा कानुनको पूर्णरुपले अनुसरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

**(ग) मुल्य अभिबृद्धि करः** कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम तयार गर्नुपर्दछ । जस अनुसार उपभोक्ता समितिबाट गराउने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड र मुल्य अभिबृद्धि कर बाहेक परिमाण र दर बिश्लेषणबाट निकालिएको लागत अनुमानमा मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्रीको मात्र मुल्य अभिबृद्धि कर यकिन गरेर (VAT for VATABLE Items) उक्त निकालिएको लागत अनुमानमा थप गरेर हुने रकमलाइ कुल लागत अनुमान कायम गरिनु पर्ने र सोही बमोजिम कार्य गराइ उपभोक्ता समितिले निर्माण कार्य गर्दा लागत अनुमानमा उल्लेख भएको मुल्य अभिबृद्धि कर रकममा नबढ्नेगरी मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्री खरिद गर्दा बिल बमोजिम तिरेको वास्तबिक मुल्य अभिबृद्धि कर रकम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा समावेश गरेर भुक्तानी गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी लागत अनुमानको दर बिश्लेक्षण गर्दा नै मुल्य अभिबृद्धि कर रकम समेत समावेश गरी तयार गरेको र सोही बमोजिमको मुल्य अभिबृद्धि करको सबै रकम उपभोक्ता समितिलाइ भुक्तानी दिने गरेको देखियो । जसले गर्दा उपभोक्ता समितिले वास्तविक रुपमा तिरेको मुल्य अभिबृद्धि कर रकम भन्दा बढी रकम निजलाइ भुक्तानी हुन सक्ने अवस्था रहेको हुदा यस सम्वन्धमा यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।

**(घ) भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

**(ङ) सामुदायिक भवन निर्माण:** पालिकाले योवर्ष बिभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माण गरेकोमा निजी जग्गा वा समूह/ संस्थाको नाममा रहेको जग्गामा बनाएको हो खुल्दैन । अधिकांश भवनहरु समूह/संस्थाको नाममा रहेको जग्गामा बनाइएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएता पनि सम्झौता साथ जग्गाको लालपुर्जा राख्ने गरेको नदेखिएबाट यकिन हुन सकेन । यसमा सुधार हुनु पर्दछ ।

**(च) सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाइ बिस्तृत रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु

रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

**(छ) अनुगमन समिति ः** नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा पालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी पालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

**(ज) तेश्रो पक्षबाट कार्य**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन।

**(झ) गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

४१.२ **जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको व्यहोरा खर्चका बिलभर्पाइहरुबाट देखिन आयो । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये धेरैजसो निर्माण कार्यमा १० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको छ भने कतिपयमा शुन्य प्रतिशत समेत देखियो। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।यसका केही उदाहरण निम्न अनुसुचीमा संलग्न रहेका छन् ।

**(विस्तृत विवरण बेरूजु दफा ४१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४१.३ **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ ।

सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, खानेपानी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्रायजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ४१.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४१.४ **उपभोक्ता समितिद्धारा खरिद**:सार्वजनिक खरिद नियमावलिको नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था रहेको छ साथै सो नियमावलीमा उपभोक्ता समितिले सामाग्री खरिद गर्न पाउने कुनै व्यवस्था गरेको देखिदैन । कानूनी व्यवस्था अनुसार निर्माण कार्यमात्र उपभोक्ता समिति द्धारा गराउनुपर्ने व्यवस्था हुँदा हुँदै तपसिल बमोजिमको मालसामानमा खरिद समेत उपभोक्ता समिति मार्फत गरिएको नियमसंगत नभएको रु

| गो भौ मिति | विवरण | उपभोक्ता समिति | रकम |
|---|---|---|---|
| ३६८ २०८१।२।४ | कुखुराको चल्ला खरिद | आयआर्जन कार्यक्रम उ स | ९६००० |
| २२४ २०८१।३।१८ | पोषाक | पाम्चोक पञ्चेवाजा पोशाक उ स | १००००० |
| ५२६ २०८१।३।१८ | | नौमति बाजाको पोशाक खरिद उ स | ३०००० |
| २९४ २०८१।३।१८ | फर्निचर खरिद | घेर्मु म्युजियम निर्माण उ स | ४००००० |
| जम्मा | | | ६२६००० |

| अनियमित भएको | ६,२६,००० |
|---|---|

४१.५ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **६,८२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **६,०६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२,७८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **२,४१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **२,७४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **४,२३०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **२४,०६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **३,३३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **३,६९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१.६ **गैर सरकारी संस्थाबाट कार्यः** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९९ (१) बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्नेछ (२) सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने ब्यवस्था भएकोमा पालिकाले नियमावलिको प्रावधान विपरित तपशिलका संस्थालाइ रकम रु ४९९१०१। भुक्तानी गरेको नियम संगत नदेखिएको रु

| गो भौ नं ।मिति | संस्थाको नाम | भुक्तानी रकम |
|---|---|---|
| २३५ २०८०।१२।२१ | मिडिया जर्नल प्रा लि | ४००००० |
| २६३ २०८०।१२।२२ | लम्जुङ मिडिया एक्सप्रेस प्रा लि | ९९१०१ |
| | जम्मा | ४९९१०१ |

| | |
|---|---|
| अनियमित भएको | ४,९९,१०१ |

४१.७ **जनश्रमदान र लागत सहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँ सभाले उपभोक्ता वा लाभग्राही समुहबाट गराउने कार्यमा न्युनतम १० प्रतिशत जनसहभागिता जुटाउनु पर्ने निर्णय गरेको जनाइएको छ । कार्यालयले आयोजना, कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये धेरैजसो निर्माण कार्यमा १० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराइएको देखियो । यसरी गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ । तर निम्नानुसारको उपभोक्ता समितिबाट गरिएको कार्यमा कुनैपनि साझेदारी नगरि मेसिनको विलको आधारमा भुक्तानी गरेको रकमलाई नियमित मान्न नसकिएको रु १६००४१३ ।

| गो भौमिति | उपभोक्तासमितिको नाम | निर्माणव्यवसायी | रकम भुक्तानी |
|---|---|---|---|
| ६४ २०८०।९।१९ | वडा नं ८ मोटर बाटोसरसफाइ उ स | ज्वाई जेठानकन्स्ट्रक्सन | २५८५१५ |
| ६५ २०८०।९।१९ | वडा गत सडक सफाइ उ स | ज्वाई जेठानकन्स्ट्रक्सन | २७९७४८ |
| १६९ २०८०।११।१४ | वडा नं ९ वडागत मो वासरसफाई उ स | जि टि कन्स्ट्रक्सन | ४८५००० |
| १७० २०८१।११।१४ | १ नं वडागत सडक सरसफाईउ स | ज्वाई जेठानकन्स्ट्रक्सन | २४२५०० |
| १७१ २०८०।११।१४ | वडा ६ सडक सरसफाई उ स | ज्वाई जेठानकन्स्ट्रक्सन | १६००५० |
| १७३ २०८०।११।१४ | वडा नं २ सडक सरसफाई उस | ज्वाई जेठानकन्स्ट्रक्सन | १७४६०० |
| | जम्मा | | १६००४१३ |

| | |
|---|---|
| अनियमित भएको | १६,००,४१३ |

## ४२ कन्टिन्जेन्सी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ सँग सम्बन्धित अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि कुल लागतको २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले यस बर्ष बिभिन्न योजनाको लागत अनुमान अंकको ३ प्रतिशतले हुने रु१५८९२९२। बजेट खर्च लेखि कन्टिन्जेन्सी वापत रकम छुट्टाएकोमा रु १५०७१३८। खर्च गरी रु ८२१५४। बाकी रहेको बिबरण पेश गरेको छ । यसरी छुट्टाएको कन्टिन्जेन्सी रकम खर्च गर्दा कार्यालयले व्यवस्थित अभिलेख नराखी खर्च गर्ने गरेकोले कुन योजनाको कन्टिन्जेन्सी रकम कुन खर्च शिर्षकमा कति खर्च गरियो यकिन गर्न सकिएन । तसर्थ कटिन्जेन्सीको व्यवस्थित अभिलेख राखि पालिकाबाट कार्यबिधि तर्जुमा गरेर कार्यबिधि अनुरुप खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## ४३ . शिक्षक नभएको विद्यालयमा रकम निकासा

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।०८१को बुदाँ न २ मा विद्यायलको शिक्षकहरुलाई पालिकले तलब भत्ता उपल्वध गराउने व्यवस्था छ । पालिकाले वाड न ६ मा रहेको हिमालय प्राथमिक विद्यालयमा विद्यार्थीको संख्य १ र शिक्षक संख्या शुन्य भएको विद्यालयमा समेत यस वर्ष रु.६७०७०४। निकासा भएको देखिन्छ । यसरी शिक्षक नभएको विद्यालयमा निकासा भएको रकम नियमसम्मत नभएको रु

| | |
|---|---|
| अनियमित भएको | ६,७०,७०४ |

## ४४ दिवा खाजा

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ अनुसार दिवा खाजा अन्तर्गत कर्णाली अञ्चलका मुगु,डोल्पा,हुम्ला,जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थि दैनिक रु. २०।का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५। का दरले १८० दिनका लागि विद्यालयमा अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्ष दुबै जनाबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भए पश्चात मात्र अनुदान दिने व्यवस्था छ । पालिकाले प्रथम, दोस्रो, तेस्रो र चौथो चौमासिकमा विभिन्न विद्यालयमा १४५७ जना विद्यार्थीको १८० दिनको EMIS तथा विद्यालयहरुको माग फारम अनुसार रु.१५ दरले जम्मा रु.३८,४२,३४३। निकासा भएको प्राप्त विवरणबाट देखिन्छ ।

## ४५ प्रोत्साहन भत्ता

प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १५(१) सम्बन्धित निकायको कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलब बाहेकको अन्य थप सुविधा एवं अतिरिक्त भत्ता लिन पाइने छैन ।साथै दफा १५(३) बमोजिम दैनिक काम वाहेक अनिवार्य रुपमा थप काम गर्नु पर्ने

अवस्थामा थप कामको विवरण र कारण सहित अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिएर मात्र त्यस्तो काममा लगाउने र सो वापत तोकिएको सुविधा खर्च लेख्दा कार्यसम्पन्न भएको प्रगति विवरण समेत पेश गर्नुपर्ने व्यवस्था छ ।साथै मस्याङ्गदी गाउपालिका कर्मचारी प्रोतसाहन भत्ता तथा फिल्ड भत्ता सम्वन्धि कार्यविधि, २०७५को परिच्छेद ३ को दफा ४मा यस निर्देशिका बमोजिम प्रदान गरिने प्रोत्साहन भत्ता गाउँपालिकाले आफनो आन्तरिक स्रोतको आम्दानीबाट मात्र भत्ता उपलव्ध गराउने व्यवस्था छ । तर पालिकाले आफनो आन्तरिक स्रोतको सट्टा मासिक प्रोत्साहन भत्ता पूजिगत शिर्षकबाट दिने निर्णय गरेको छ । पालिकाको आफ्नो आन्तरिक आम्दानी कमजोर रहेको अवस्थामा पालिकाले संघिय अनुदानको पूंजीगत बजेटबाट १८ जना कर्मचारीलाइ तलब स्केलको ४५ प्रतिशतले हुने रकम रु.१४९९४००। प्रोत्साहन भत्ता वापत भुक्तानी गरेकोमा पालिकाले कानुनको पालनामा ध्यान दिनु पर्दछ ।

४६ **अध्ययन विदा**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१,७९९,२९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७ **शिर्षक फरक**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्वीकृत बजेट भित्र तोकिएको कार्यक्रम तथा खर्च शिर्षकको परिधीभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ ।कार्यालयले सड्क सरसफाई कार्यक्रम अन्तर्गत सड्क हेरालुहरुको ज्याला रु.८५८२००। सम्वन्धित शिर्षकबाट भुक्तानी गर्नुपर्नेमा खानेपानी तथा सिचाई पाईप खरिद शिर्षकबाट खर्च लेखेकोले नियमसम्मत नभएको रु

| | |
|---|---|
| अनियमित भएको | ८,५८,२०० |

४८ **न्युन विद्यार्थी संख्या भएका विद्यालय**

संघिय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । सोही नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ५५, दुइ बालबिकास केन्द्र र दुइ सिकाइ केन्द्र समेत ५९ शिक्षण संस्था रहेको र यस आ व मा उक्त संस्थाहरुलाइ यस पालिकाबाट जम्मा रु 170660861। निकासा दिइ खर्च लेखेको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार ३९ विद्यालयमा रु६२२८०९०९।रकम निकासा दिएकोमा कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको व्यहोरा देखियो भने एक बिद्यालय, २ बालबिकास केन्द्र र २ सिकाइ केन्द्रहरुमा रु १११८०००। रकम निकासा दिइ खर्च लेखेकोमा शुन्य संख्यामा विद्यार्थी संख्या रहेको देखियो। तसर्थ न्यून र शुन्य विद्यार्थी संख्या रहेका विद्यालय तथा शिक्षण संस्थाहरुलाइ उपरोक्त कानून बमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाइ चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीको ध्यान गइ कानून बमोजिम गर्नुपर्ने देखिन्छ। प्राप्त बिबरण अनुसार यस पालिका अन्तर्गत बिद्यालय संख्या, विद्यार्थी संख्या र बिद्यालयमा बार्षिक निकासा रकमको विवरण यस प्रकार छ।

| सि.नं. | विद्यालय संख्या | विद्यार्थी संख्या | | कुल निकासा रु |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | १५ | ५१ | ४८० | १०७२६१९५२ |
| २ | ३९ | ४ | ४९ | ६२२८०९०९ |
| ३ | १ बिद्यालय, २ बाल बिकास केन्द्र र २ सिकाइ केन्द्र समेत ५ शिक्षण संस्था | शुन्य | शुन्य | १११८००० |
| | ५९ | जम्मा | | १७०६६०८६१ |

४९ **सहकारी संस्था**

साबिक डिभिजन सहकारी कार्यालयहरु मध्ये संघियताको कार्यान्वियन सँगसँगै ३४ वटा संस्था यस पालिकामा हस्तान्तरण भई आएको मध्ये कुनै संस्थाहरु एकिकरणमा गएको देखिएन । एक संस्था दर्ता खारेज भएको र १६ संस्थाहरु सक्रिय रहेका छन् भने १७ संस्था निष्कृय रहेको विवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरुमा सर्वसाधारणको पूँजी र सम्पत्ती के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ती र अधिकारको संरक्षणको सम्बन्धमा पालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा समवन्धित पदाधिकारी र कर्मचारीहरुको ध्यान जानु आवश्यक छ ।

सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमनमा प्रभावकारीता ल्याउन एवं सहकारी क्षेत्रको एकिकृत तथ्यांकको आधार सिर्जना गर्न पालिका भित्र रहेका सक्रिय सहकारी संस्थाहरुलाई इन्टरनेटमा आधारित एकिकृत विद्युतिय व्यवस्थापन सूचना प्राणाली Software मा आवध्द गराउन र निष्कृय रहेका सहकारी संस्थाहरुलाई शेयर सदस्य र वचतकर्ताहरुको शेयर तथा बचत रकमको भुक्तानी पाउनु पर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकिकरण तथा खारेजीको प्रकृया अगाडी बढाउन पालिकाले थप पहल गर्नु पर्दछ ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृती तथा समस्याहरुलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरुलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरुको दिगो विकास र स्थायीत्व प्रदान गर्न सहकारी ऐन २०७४ को दफा ८७ एवं यस पालिकाको सहकारी ऐन २०७४ बमोजिम सहकारी सस्थाहरुको एकिकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरुको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्वन्धी आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ ।

## ५० विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति सँख्या कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । पालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र सँलग्न गरी बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । गाउँकार्यपालिका, शाखाहरु तथा विभिन्न वडा कार्यालयहरुमा भएका विविध तथा खाजा खाना खर्चमा होटलको विलमात्र पेश भएको तर प्रयोजन तथा खर्चको पुष्ट्याई बेगर भुक्तानी भएको उदाहरण देहायबमोजिम रहेको छ ।

| गो भौ मिति | विवरण | रकम भुक्तानी |
|---|---|---|
| ८४ २०८०।९।२० | मनाङ होटल एण्ड रेष्टुरेन्ट | १६४५० |
| ८६ २०८०।९।२० | नेवा भान्छा एण्ड खाजा घर | १९३५६ |
| १४१ २०८०।१०।१८ | मनाङ होटल एण्ड रेष्टुरेन्ट | ९००७० |
| १४८ २०८०।१०।१८ | मनाङ होटल एण्ड रेष्टुरेन्ट | ४६४८० |
| १५८ २०८०।१०।१९ | मनिष खाजा घर | ३२६७५ |
| २१५ २०८०।११।२७ | मनाङ होटल एण्ड रेष्टुरेन्ट | ४४९९० |
| २२३ २०८०।११।२७ | मनाङ होटल एण्ड रेष्टुरेन्ट | ४१०५१ |
| ६१० २०८१।३।२४ | मनाङ होटल एण्ड रेष्टुरेन्ट | ५९०० |
| ४३७ २०८१।२।२५ | मनाङ होटल एण्ड रेष्टुरेन्ट | ४२०६४ |
| ३९३ २०८१।२।१७ | मनाङ होटल एण्ड रेष्टुरेन्ट | ३२६५० |
| जम्मा | | ३७१६८६ |

## ५१ सामाजिक सुरक्षा तर्फ

पालिकाले यस बर्ष सामाजिक सुरक्षा शिर्षकमा बजेट रु 129604382.43 मध्ये पालिकाले जम्मा रु 129604382.43 निकासा भएकोमा बाँकी निकासा बाकी शुन्य रहेको छ । सामाजिक सुरक्षा भत्ता वापत आ.व. २०८०/०८१ मा कुल रु 129604382.43 वितरण भई मृतक लाभग्राहीको जम्मा फिर्ता रकम यकिन हुन सकेन । श्रेस्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

(क) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने बैंक मार्फत वितरण गर्नुपर्ने नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ ।लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैंक मार्फत वितरण गरेको भत्ताको अध्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अध्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सुचिबाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो । लाभग्राही लागत अध्यावधिक गरि सोही आधारमा निकासा वयवस्थापन गर्नुपर्छ ।

(ख) सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानिय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा निष्क्रिय लाभग्राहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । नगरपालिकाले निष्क्रिय लाभग्रहीको खाताको विवरण माग गरी लगत अध्यावधिक गर्नु पर्दछ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५, को परिच्छेद ४, दफा १६ मा स्थानिय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज १ गतेबाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गते बाट दोस्रो हप्ता भित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने भएकोले समयमै सामाजिक सुरक्षा भता वितरण गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण समयमै अद्यावधिक हुन नसकेको देखिएकोले समयमै अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **९,३८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **७,३०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **२,४८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१,९२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **८२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मर्स्याङ्दी गाउँपालिका, लमजुङ , मर्स्याङ्दी गाउँपालिका , लमजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Arjun chapain | २०८०-१२-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Mani Rana Mager Rana Mager | २०८०-१२-१४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२८५,९७३ | ४,९७९,५३९ | ४,०१५,४९१ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १०,२८१,००३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,३०९,३४८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ७,९७१,६५५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २७४७०७६०.५८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३२१७१७०३ | चालु खर्च | ३३९९२२१९९.५७ |
| प्रदेश सरकारबाट अनुदान | १६०६९३५० | पूँजीगत खर्च | १३३७००११३.९ |
| राजश्व बाँडफाँट | १२२२४४५१८ | वित्तीय/अन्य व्यवस्था | १४८१७५६३७.८५ |
| आन्तरिक आय | १२३१२०३१.६७ | | |
| अन्य आय | १५११८०६१७.०९ | | |
| कुल आय | ६३३९७८२१९.७६ | कुल खर्च | ६२१७९७९५१.३२ |
| बाँकी मौज्दात | | ३९६५१०२९.०२ | |

## बेरूजु दफा ४१.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि नं | कामको बिबरण र स्थान | स्वीकृत लागत अनुमान रकम | उ.स.संग भएको सम्झौता | सम्पन्न कार्य | सम्पन्न मध्ये जनसहभागिताको काम | भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | नरदेवी आमा समुह भवन( वडा नं. 3 ) | ३४६ | ३०० | ३४३ | ५२ | २८५ |
| २ | ठुलो स्वाँरा सामुदायिक भवन( वडा नं. 8 ) | ३७७ | ३०० | ३७७ | ९० | २८६ |
| ३ | अन्नपूर्ण आमा समुह भवन( वडा नं. 1 ) | २२८ | २०० | २२६ | ३८ | १९० |
| ४ | घेर्मु अस्थाई मोटरेवल पुल( वडा नं. 5 ) | ५४० | ५०० | ५४० | ० | ४७९ |
| ५ | च्याम्चे सामुदायिक भवन निर्माण( वडा नं. 4 ) | ३४८ | ३०० | ३४२ | ५४ | २८३ |
| ६ | झिंतै जगत सामुदायिक भवन( वडा नं. 4 ) | ३४६ | ३०० | ३४६ | ५६ | २८७ |
| ७ | तमुह्युल लामागाउँ आमा समुह भवन( वडा नं. 9 | ५७८ | ५०० | ५८२ | १२३ | ४७८ |
| ८ | अमृत सामुदायिक भवन( वडा नं. 2 ) | ३४३ | ३०० | ३४१ | ५२ | २८५९ |
| ९ | मोर्डी सामुदायिक भवन( वडा नं. 2 ) | ३५० | ३०० | ३५० | ५५ | २८८ |
| १० | नास्कुचे सामुदायिक भवन( वडा नं. 4 ) | ३४७ | ३०० | २४७ | २८ | २०२ |
| ११ | टारीकुना सामुदायिक भवन( वडा नं. 3 ) | ३४५ | ३०० | ३४५ | ४६ | २८७ |
| १२ | मार्जा सामुदायिक भवन( वडा नं. 2 ) | ४५७ | ४०० | ४६४ | ७८ | ३८२ |
| १३ | ढगै गाउँ ढल व्यवस्थापन( वडा नं. 3 ) | ३५५ | ३०० | ३५५ | ५६ | २८७ |
| १४ | साङ्गे छोइलिङ भिक्षु आनि गुम्बा( वडा नं. 3 ) | २३० | २०० | २२३ | ३३ | १८० |
| १५ | कालिका मन्दिर विद्युतीकरण भिरपुस्तुन( वडा नं. 6 ) | १०७ | १०० | १०६ | १० | ९५ |
| १६ | देवीस्थान मन्दिर निर्माण लाम्पाटा( वडा नं. 6 ) | ४३० | ४०० | ४३२ | ४२ | ३८४ |
| १७ | धनेश्वर सामुदायिक भवन( वडा नं. 3 ) | ४५२ | ४०० | ४५२ | ६४ | ३८२ |
| १८ | नयाँगाउँ सामुदायिक भवन( वडा नं. 7 ) | ५७५ | ५०० | ५७५ | ९३ | ४७९ |
| १९ | कर्मदा जनजागृती सामुदायिक भवन घोप्टे( वडा नं. 2 ) | ७४४ | ६५० | ७४२ | ११७ | ६२१ |
| २० | खुदी खेल मैदान( वडा नं. 3 ) | ११०६ | १००० | १०६९ | ० | ८९५ |
| २१ | प्रभात शान्तपूर्ण मा.वि.( वडा नं. 8 ) | ३४५७ | ३००० | ३४३५ | ४६० | २८२७ |
| २२ | सिरुबारी आमा समुह भवन( वडा नं. 9 ) | ११५ | १०० | ११८ | २४ | ९६ |
| २३ | श्रीचौर सामुदायिक भवन( वडा नं. 4 ) | २२८ | २०० | २१९ | ३५ | १८३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | ह्यूलमनी छोइलिङ गुम्बा( वडा नं. 8 ) | ४५६ | ४०० | ४५८ | ६९ | ३८२ |
| २५ | नेपाल पत्रकार महासँघ भवन निर्माण( वडा नं. वेशिशहर न.पा. | ४५८ | ४०० | ४४९ | ६१ | ३७५ |
| २६ | वडा कार्यालय भवन स्तरोन्नती( वडा नं. 1 ) | ३४३ | ३०० | ३४२ | ५६ | २८५ |
| २७ | दोभानचौर सामुदायिक भवन( वडा नं. 6 ) | २२८ | २०० | २२८ | ३५ | १९० |
| २८ | सितलादेवी सामुदायिक भवन भान्छा घर निर्माण( वडा नं. 6 ) | ४५६ | ४०० | ४४९ | ६८ | ३७६ |
| २९ | सामुदायिक भान्छा घर निर्माण मैढुङ्गा( वडा नं. 6 ) | ४५७ | ४०० | ४२३ | ६९ | ३५५ |
| ३० | सामुदायिक भान्छा घर निर्माण दिङदिङ( वडा नं. 6 ) | ४५६ | ४०० | ४५८ | ६९ | ३८३ |
| ३१ | चन्द्रोदय मा.वि. शौचालय( वडा नं. 6 ) | ३४३ | ३०० | ३४१ | ५२ | २७९ |
| ३२ | कोइम्बो थिं चर्पि निर्माण( वडा नं. 2 ) | ३४५ | ३०० | ३३७ | ५७ | २८१ |
| ३३ | सामुदायिक भवन मेसिनरी वाल भिरपुस्तुन( वडा नं. 6 ) | ६८६ | ६०० | ६६१ | १०४ | ५५४ |
| ३४ | बराह मन्दिर प्रा.वि. भवन मर्मत( वडा नं. 7 ) | २३० | २०० | २३० | ४० | १९१ |
| ३५ | धनेश्वर मञ्च( वडा नं. 3 ) | २७२ | २५० | २७२ | २९ | २३९ |
| ३६ | ठही छेलिङ गुम्बा( वडा नं. 9 ) | ३४४ | ३०० | ३४७ | ५५ | २८७ |
| ३७ | कालिका मन्दिर निर्माण जगत( वडा नं. 4 ) | ४५७ | ४०० | ४५३ | ७० | ३७९ |
| ३८ | बाहुनडाँडा ठुलीवेसी ढल व्यवस्थापन( वडा नं. 6 ) | ४४६ | ४०० | ३१२ | ५९ | २६६ |
| ३९ | सञ्जापु आमा समुह भवन स्तरोन्नति( वडा नं. 5 ) | ३४३ | ३०० | ३३९ | ५४ | २८२ |
| ४० | सामुदायिक भवन स्तरोन्नती डहरे( वडा नं. 6 ) | ३४२ | ३०० | ३३९ | ५२ | २८५ |
| ४१ | वडा सिमाना स्वागत होर्डिङ बोर्ड निर्माण( वडा नं. 4 ) | १०८ | १०० | १०८ | ० | ९५ |
| ४२ | मिलन सामुदायिक भवन( वडा नं. 2 ) | ४५७ | ४०० | ४५६ | ६९ | ३८२ |
| ४३ | मनास्लु भान्छाघर स्तरोन्नती( वडा नं. 3 ) | २३२ | २०० | २२४ | ३६ | १८५ |
| ४४ | बिउ बैङ्क भवन( वडा नं. 2 ) | ४५७ | ४०० | ४५४ | ७१ | ३८० |
| ४५ | कालिका सामुदायिक भवन भान्छा घर निर्माण( वडा नं. 6 ) | ६८५ | ६०० | ६८३ | १०३ | ५७३ |
| ४६ | काभ्रे आमा समूह भवन स्तरोन्नती( वडा नं. 3 ) | २३० | २०० | २३१ | ३६ | १९१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४७ | ताराचोक सिँचाई( वडा नं. 7 ) | ६९१ | ६०० | ७३४ | १५२ | ५७४ |
| ४८ | सयपत्री आमा समुह भवन निर्माण( वडा नं. 1 ) | ३६१ | ३०० | ३६० | ७९ | २८६ |
| ४९ | छिनखोला सामुदायिक भवन निर्माण( वडा नं. 7 ) | ३४५ | ३०० | ३४६ | ५४ | २८७ |
| ५० | थाल्जुङ सामुदायिक भवन( वडा नं. 5 ) | ८०१ | ७०० | ७७३ | १२३ | ६४१ |
| ५१ | चन्द्र ज्योति आमा समुह भवन( वडा नं. 9 ) | ३४५ | ३०० | ३४४ | ५४ | २८५ |
| ५२ | सेग्ले सङ्ग्रहलाय( वडा नं. 9 ) | ४५९ | ४०० | ४६० | ७४ | ३८२ |
| ५३ | लालीगुरासँ आमा समुह भवन( वडा नं. 9 ) | ३१५ | २७५ | २९७ | ५० | २४८ |
| ५४ | सिम्पानी कालिका मन्दिर निर्माण( वडा नं. 9 ) | २२९ | २०० | २२६ | ४७ | १८३ |
| ५५ | ङादी सामुदायिक भवन( वडा नं. 7 ) | ३४४ | ३०० | २९९ | ५ | २४९ |
| ५६ | सामिदायिक भवन स्तरोन्नति नाइचे( वडा नं. 6 ) | ४५८ | ४०० | ४६१ | ७१ | ३८३ |
| ५७ | कोटकालिका सामुदायिक भवन निर्माण( वडा नं. 9 ) | ३१६ | २७५ | ३१९ | ४९ | २६३ |
| ५८ | कालिकामाई प्रगतीशिल सामुदायिक भवन( वडा नं. 9 ) | ३१६ | २७५ | ३१७ | ५० | २६३ |
| ५९ | श्रीदेवी आमा समुह भवन मर्मत( वडा नं. 9 ) | ३१६ | २७५ | ३०५ | ५२ | २५३ |
| ६० | श्री शान्ती ज्योती आमा समूह भवन ( वडा नं. 2 ) | ४५७ | ४०० | ४५६ | ६९ | ३८० |
| ६१ | कालाघिरिङ बल्घु सामुदायिक भवन( वडा नं. 4 ) | ४६१ | ४०० | ४५७ | ७६ | ३७९ |
| ६२ | तराञ्चे सामुदायिक भवन निर्माण( वडा नं. 7 ) | ६९५ | ६०० | ६९९ | ११८ | ५७४ |
| ६३ | कत्ले सामुदायिक भवन( वडा नं. 2 ) | ३४२ | ३०० | ३११ | ६५ | २५० |
| ६४ | घेर्मु म्युजियम( वडा नं. 5 ) | ४३० | ४०० | ४३० | ० | ३८ |
| ६५ | उपल्लो चिप्ला सामुदायिक भवन( वडा नं. 5 ) | २२९ | २०० | २११ | १७ | १७५ |
| ६६ | देवीस्थान मन्दिर शौचालय निर्माण( वडा नं. 6 ) | २२९ | २०० | २३० | ३५ | १९२ |
| ६७ | मानव सेवा आश्रम(वेशिशहर न.पा. ) | १११६ | १००० | ११३१ | १४८ | ९५५ |
| ६८ | बालकल्याण प्रा.वि. भवन निर्माण( वडा नं. 4 ) | ७०५ | ६५० | ७०१ | ७३ | ६२० |
| | जम्मा | २८१४६ | २४६०० | २७६७८ | ४०४१ | २५५६० |

## बेरूजु दफा ४१.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| गोभौ नं | उसको विवरण | भुक्तानीपाउनेको विवरण | हेभिईक्युपमेण्टमा खर्च | मु अकर |
|---|---|---|---|---|
| ५२९ २०८१।३।१८ | रामबजार छापा उपल्लो ताघ्रिङ मोवा उ स | जि टी कन्स्ट्रक्सन | ९४३६० | १२२६७ |
| २८४ २०८१।३।१८ | घनपोखरा खेलमैदान निर्माण उ स | चम्पावति निर्माण सेवा | ५४९८३७ | ७१४७९ |
| २६६ २०८१।३।१८ | टोल ४मो वा मर्मत उ स | जि टी कन्स्ट्रक्सन | २३४३१४ | ३०४६१ |
| | | सन्तोष निर्माण सेवा | ८४०७२ | १०९२९ |
| | | वस्नेत निर्माण सेवा | ४२९९९ | ५५९० |
| २५० २०८१।३।१४ | नायुँ फ्रेजो सन् कलौबेशी सडक विस्तार तथा स्तरउन्नती उ स | चम्पावति निर्माण सेवा | २८४२३३ | ३६९५० |
| १३२ २०८१।२।२ | खुदी खेलमैदान उ स | चम्पावति निर्माण सेवा | ७४५२५० | ९६८८३ |
| ४९ २०८०।१२।२८ | स्याङगो घेर्मु मोटरेवल पुल निर्माण उस | डि जि कन्स्ट्रक्सन | ३३४९८८ | ४३५४८ |
| ७२ २०८०।१२।२९ | खोरिया खेत मो वा उ स | ज्वाइ जेठान कन्स्ट्रक्सन | २१८३१ | २८३८ |
| ८० २०८०।१२।२९ | छिचु खेल मैदान निर्माण उ स | डि जि कन्स्ट्रक्सन | १४९५८० | १९४४५ |
| ९५ २०८०।१२।३० | पैयुखोला आरुखर्क मो वा उ स | जोन विल्डर्स | ६६३९३ | ८६३१ |
| ९२।२०८०।१२।२९ | छिचु मो वा निर्माण उ स | डि जि कन्स्ट्रक्सन | ३४७५५ | ४५१८ |
| ९९ २०८०।१२।३० | खानि गाउँ खेल मैदान | विकाश एण्ड विनोद कन्स्ट्रक्सन | २११३९३ | २७४८१ |

| | | | | |
|---|---|---|---|---|
| १११ २०८१।१।२ | वडा नं को बाटो सफाइ मर्मत समिति | ज्वाइ जेठान कन्स्ट्रक्सन | १३४५०१ | १७४८५ |
| ११० २०८१।१।२ | १ २ वडागत सडक उ स | ज्वाइ जेठान कन्स्ट्रक्सन | ४०१०३७ | ५२१३५ |
| २३४ २०८१।२। १४ | सालविसे मो वा उ स | ज्वाइ जेठान कन्स्ट्रक्सन | ४५५६१ | ५९२३ |
| २१२ २०८१।२।५ | कालिमाटी मिरचे मुडगी मोटरबाटो उ स | जोन विल्डर्स | ७३१५७ | ९५१० |
| २०३ २०८१।२।५ | ङादी बराहापोखरी सडक उ स | वस्नेत निर्माण सेवा | २०१६०० | २६२०८ |
| १९८। २०८१।२।५ | खुदी सिउरुङ सडक उ स | ज्वाइ जेठान कन्स्ट्रक्सन | १००३७७ | १३०४९ |
| | | जम्मा | ३८१०२३८ | ४९५३३१ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्योट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।